## Province Crisis Management Center को २०७७।०२।१८ को बैठकका निर्णयहरु

१. भारत लगायत विदेशबाट प्रदेशमा प्रवेश गर्ने नागरिकहरुलाई प्रदेशको प्रवेश नाकामा होल्डिङ्ग एरिया स्थापना गरी आवश्यक अभिलेख व्यवस्थापन गरी तोकिएका जिल्ला वा स्थानीय तहका क्वारेन्टाइनमा पुऱ्याउने व्यवस्था सुरक्षा निकाय समेतको समन्वयमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने।

२. क्वारेन्टाइनमा १४ दिन राखेपछि आवश्यक परीक्षणको व्यवस्था गरिसकेपछि संक्रमित व्यक्तिलाई ३ तहको व्यवस्थापन गर्ने; कुनै लक्षण नदेखिएको विरामीलाई जिल्ला तहमा तोकिएको आइसोलेसनमा राख्ने, लक्षण देखिएका र सम्भावित जोखिम भएका संक्रमितलाई जिल्ला अस्पतालको आइसोलेसनमा राख्ने र जटिल अवस्थाका संक्रमितलाई तोकिएका विशिष्टिकृत अस्पतालमा व्यवस्थापन गर्ने। साथै संक्रमण नदेखिएका व्यक्तिहरुलाई थप २१ दिन स्वअलगाव (Self-Isolation) मा रहने शर्तमा घर पठाउने।

३. संक्रमित विरामीलाई आइसोलेसन र थप उपचारका लागि अस्पताल पुऱ्याउन तथा मृतक संक्रमितको शव व्यवस्थापन गर्न एम्बुलेन्स र शव बाहनको व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई लेखी पठाउने।

४. सम्भावित खाद्य संकटलाई दृष्टिगत गरी आवश्यक खाद्य व्यवस्थापनको योजना सहितको प्रस्ताव मन्त्रिपरिषद्मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पेश गर्ने।

५. हुम्ला र डोल्पाको माथिल्लो भेगमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट तिब्बत तर्फबाट हुने ढुवानीमा समस्या उत्पन्न भएका कारण बैकल्पिक व्यवस्था हुन नेपाल सरकारलाई लेखी पठाउने।

६. Pool Testing बाट हुम्ला, मुगु, जुम्ला र डोल्पामा COVID-19 को संक्रमण नदेखिएको हुँदा भारतबाट आउने हुम्ला, मुगु र डोल्पाका नागरिकहरुलाई सुर्खेतमा नै क्वारेन्टाईनमा व्यवस्थापन भएको अवस्था हुँदा भारतबाट आउने व्यक्तिहरुलाई प्रवेश नदिने गरी यार्सागुम्बा संकलनको कार्य जेठ २५ गते देखि खुला गर्ने व्यवस्था/निर्णय हुन नेपाल सरकार समक्ष लेखी पठाउने।

७. संक्रमणबाट सुरक्षित देखिएका हुम्ला, मुगु, जुम्ला, डोल्पा र कालिकोटका विद्यालय संचालन गर्न सकिने अवस्था रहेको हुँदा आवश्यक सुरक्षा सावधानी सहित विद्यालय संचालन गर्ने निर्णय हुन कोभिड -१९ विपद् व्यवस्थापन कार्यसञ्चालन केन्द्र (CCMC) र नेपाल सरकारलाई लेखी पठाउने।

८. नेपाल सरकारको निर्णय अनुसार अर्को आदेश नहुँदा सम्मका लागि रुख कटान र ओसारपसारको कार्यमा प्रदेश भित्र कडाइका साथ रोक लगाउने र त्यस्तो भएको अवस्थामा कारवाहीको प्रकृया अविलम्ब शुरु गर्ने ।

९. नेपाल सरकारले खुला गरेका खाद्य तथा निर्माणजन्य सामग्री लगायत अन्य उत्पादन प्रदेश भित्र र बाहिर ओसारपसार तथा ढुवानी हुन दिने।